# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं ।**

- मौलिक संस्कृतिको रक्षा गरौ । - राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं । - मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं ।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔ ।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३८ | अंक १२ | बुटवल | २०८२ पौष २२ गते, मंगलबार | नेपाल संवत १९४६ | Tuesday January 06, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## एमाले अध्यक्ष ओलीको स्थान हद फुकुवा



बुटवल । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको स्थान हद फुकुवा भएको छ ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा प्रधानमन्त्री रहेका केपी शर्मा ओलीलाई उच्चस्तरीय जाँचबुझ आयोगले स्थान हद लगाएको थियो ।

आयोगका प्रवक्ता तथा पूर्वएआइजी विज्ञानराज शर्माले सोमबार बसेको आयोगको बैठकले ओलीको स्थान हद फुकुवा भएको जानकारी दिए ।

ओलीमाथि गत असोज १२ गतेको आयोगको बैठकले स्थान हद लगाउने निर्णय गरेको थियो । जेनजी आन्दोलनको सम्बन्धमा तत्कालीन प्रधानमन्त्रीको हैसियतमा गरेका कामकारबाहीको सम्बन्धमा सोधपुछको काम सकिएकोले उनको विदेश भ्रमण रोक्का र उपत्यका छाड्न नपाउने निर्णयको औचित्य सम्पन्न भइसकेकोले फुकुवा गरिदिएको शर्माले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

आइतबार ओलीले राष्ट्रिय मानवअधिकार आयोगमा साढे २ घण्टा बयान दिएका थिए । त्यस्तै उनले आइतबार नै जाँचबुझ आयोगसमक्ष पनि लिखित स्टेटमेन्ट बुझाएका थिए । आफ्नो निवास भक्तपुरको गुण्डु आएका आयोगका सदस्यलाई उनले लिखित स्टेटमेन्ट नै बुझाएका हुन् ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले तत्कालीन सरकारमा रहेका केही मन्त्री, सुरक्षा निकायका प्रमुख, जिल्ला प्रशासन कार्यालयका प्रमुखसहितसँग बयान लिइसकेको छ ।

## प्रचण्ड रूकुमपूर्वबाट उम्मेदवार हुन सक्ने



बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई रूकुम पूर्वबाट चुनाव लड्न जिल्ला नेताहरूले अनुरोध गरेका छन् । आफ्नो अनुरोधमा प्रचण्ड सकारात्मक रहेको नेताहरूले बताएका छन् ।

चुनावबारे छलफल गर्न साविक माओवादी केन्द्रका नेताहरूको टोली काठमाडौं आएको छ । सो टोलीले दुई दिनसम्म ललितपुरको एक क्याफेमा प्रचण्डसँग छलफल गरेको थियो ।

छलफल सकारात्मक रहेको रूकुम पूर्वका जिल्ला संयोजक कुमारी बराल (गौतम) ले बताइन् । रूकुम पूर्वबाट काठमाडौं आएका जिल्ला इञ्चार्ज तेजबहादुर ओली (प्रतीक), संयोजक बराल, पूर्ण घर्ती, दलजित शेर्पाली, होमप्रकाश श्रेष्ठ (हिमाल) लगायत नेताहरूसँग प्रचण्डले छलफल गरेका थिए । छलफलमा रूकुम पूर्वकै नेताहरू पार्टी केन्द्रीय कार्यालयका सचिव गणेशमान पुन, पार्टी केन्द्रीय सदस्य सुबोधराज शेर्पाली, सरल सहयात्री, केशव रावललगायतका नेताहरू पनि सहभागी थिए ।

» बाँकी ३ पेजमा

## राष्ट्रियसभामा तालमेल गर्न ओली–खड्का भेटवार्ता

बुटवल । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काबिच भेटवार्ता भएको छ । सोमबार बिहान ९ बजेदेखि ११ बजेसम्म ओलीनिवास गुन्डुमा भएको भेटमा राष्ट्रियसभाको निर्वाचनबारे छलफल भएको हो ।

ओलीसँग छलफल गर्न कार्यवाहक सभापति खड्का नेता रमेश लेखकसँगै गुण्डु पुगेका थिए । दुई दलले ओलीसँग राष्ट्रिय सभामा नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टीबिच तालमेल गर्ने समझदारी भएको छ ।

दुई दलले सिट बाँडफाँडबारे पनि मोटामोटी समझदारी गरेको गुण्डु स्रोतले जानकारी दिएको छ । माघ ११गते राष्ट्रिय सभाका १८ सिटमा निर्वाचन हुँदै छ । जसमा कांग्रेसले ७ सिट, एमालेले ६ सिट, नेकपाले ४ सिट र उपेन्द्र यादव नेतृत्वको जसपाले १ सिट पाउने समझदारी बनेको छ । छलफलमा कांग्रेसले भने ७ सिटमा सहमत भए पनि हरेक प्रदेशबाट एक-एक जना उम्मेदवार पाउनु पर्ने शर्त राखेको छ । ओलीसँग सोमबारको छलफलमा भएको समझदारीबारे कार्यवाहक सभापति खड्काले सानेपास्थित पार्टी कार्यालयमा जारी केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा पनि ब्रिफिङ गरेका छन् ।

स्रोतका अनुसार बैठकमा खड्काले आफूहरूले ८ सिट मागेको भए पनि ७ सिटमा सहमति गर्नु पर्ने हुनसक्ने बताएका छन् । उनले पनि आफ्नो पार्टीको माग हरेक प्रदेश समेट्ने गरी नै भएको बताएका छन् । यद्यपि यसबारेमा तीनै दलबिच मंगलबारसम्म समझदारी जुटाउने प्रयास भइरहेको छ ।

यसअघि लेखकले नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर राष्ट्रियसभामा मिलेर जाने प्रस्ताव गरेका थिए । सो प्रस्तावप्रति प्रचण्ड सकारात्मक भएपछि कांग्रेसले सीट बाँडफाँटको प्रस्ताव अघि सारेको हो । आइतबार एमाले अध्यक्ष ओली र प्रचण्डबिच ललितपुरमा छलफल भएको थियो । त्यसक्रममा पनि राष्ट्रियसभामा मिलेर जाने विषयमा सहमझदारी जुटाउने प्रयास भएको नेताहरूले बताएका छन् ।

### पाँच हजार बढी व्यवसायीको माग :

# हाटबजारको मौलिकता जोगाउँदै उपभोक्तामैत्री बनाऊ

बहुतले भवनमा हाटबजार सफल नहुने भन्दै ऐतिहासिकता र मौलिकतालाई जोगाउँदै यथास्थानमा उपभोक्तामैत्री पूर्वाधार थप्न व्यवसायीहरूले माग गरेका छन् ।

**टिआर शर्मा**

*बुटवल*



रूपन्देहीका करिब पाँच हजार साना व्यवसायीले हाटबजारहरूको मौलिकता र ऐतिहासिकता जोगाउँदै यथास्थानमै उपभोक्तामैत्री पूर्वाधार थप्न राज्यले लगानी गर्नुपर्ने माग गरेका छन् ।

रूपन्देहीमा १२२ वटा हाटबजार सञ्चालन हुँदै आएका छन् । हाटबजार व्यवसायी संघ रूपन्देहीका अनुसार जिल्लाका यी हाटबजारमा ५ हजार बढी साना व्यवसायीले जीविकोपार्जनका लागि वर्षौंदेखि व्यापार गरिरहेका छन् । रूपन्देहीको सबैभन्दा पुरानो हाटबजार तिलोत्तमाको सेमरा हाटबजारलाई लिइन्छ, जुन १९७५ देखि निरन्तर सञ्चालनमा छ । बुटवल उप-महानगर कार्यालय अगाडिको हाटबजार रूपन्देहीको सबैभन्दा ठूलो हाटबजार हो, जहाँ साढे सात सय व्यवसायीले व्यापार गर्छन् ।

तर स्थानीय सरकारहरूले हाटबजार सञ्चालन भइरहेका ठाउँहरूमा बहुतले भवन बनाएर त्यहाँ बजार सञ्चालन गर्ने योजना अघि सार्दा विस्थापित भइने डरले व्यवसायीहरू बेलाबेलामा आन्दोलित हुने गरेका छन् । उनीहरूले ठूला व्यवसायी र ठेकेदारको स्वार्थअनुसार बहुतले भवन बनाएर हाटबजार मास्ने योजना बनाइएको दाबीसहित सफल नहुने तर्क गर्दै मौलिकता र ऐतिहासिकता जोगाउन यथास्थानमै उपभोक्तामैत्री पूर्वाधारमा लगानी गर्न सरकारसँग माग गर्दै आएका छन् ।

स्थानीय, प्रदेश र संघीय सरकारसम्म आफ्ना मागहरू राख्दै आए पनि सुनुवाइ नभएको व्यवसायीको गुनासो छ ।

हाटबजार व्यवसायी संघ रूपन्देहीका अध्यक्ष हुमाराम पोखरेलले बहुतले भवनमा हाटबजार सफल हुँदैन भन्ने ज्वलन्त उदाहरण सिद्धार्थनगर नगरपालिकाले भैरहवामा करोडौं लगानी गरेर बनाएको बहुतले भवन भएको बताए ।

१२ करोड १३ लाख रुपैयाँमा निर्माण भएको कृषि बजारका १ सय ९ वटा सटरहरू र सेमिनार हल तथा पार्किङ्को लागि सिद्धार्थनगर नगरपालिकाले करिव १ करोड ३४ लाख रुपैयाँको टेण्डर निकालेको थियो । तर हाटबजार व्यवसायी बहुतले भवनमा नजाने भएपछि टेण्डर लिन कसैले चासो नदेखाएपछि भवन उपयोगविहीन बनेको छ ।

बुटवलमा पनि उप-महानगर कार्यालय अगाडिको हाटबजारमा बहुतले भवन बनाउने योजना र प्रयास भए पनि व्यवसायीले त्यहाँ आफूहरू नजाने भन्दै विरोध जनाएका छन् । भैरहवाको असफलता र व्यवसायीको विरोधपछि बुटवलमा पनि बहुतले हाटबजारको योजना अघि बढ्न सकको छैन । 'नेपाली समाजमा हाटबजारको आफ्नै मौलिक पहिचान, ऐतिहासिकता र किनमेल संस्कृति छ, यसलाई मेटाउन मिल्दैन,' अध्यक्ष पोखरेलले भने-'बहुतले भवनमा हाटबजार चल्न सक्दैन, त्यहाँ आम उपभोक्ता जाँदैनन्, यो हजारौं साना व्यवसायी विस्थापित गरेर ठेकेदार र ठूला व्यवसायी पोस्ने खेल हो ।'

अध्यक्ष पोखरेलले मन्दिर, विद्यालय र क्लबले समेत आफूखुशी हाटबजार सञ्चालन गरे पनि स्थानीय सरकारले प्रभावकारी अनुगमन नगरेको औंल्याए । स्थानीय सरकारले सडक व्यवसायीलाई व्यवस्थापन गर्दा उनीहरू हाटबजार आसपासमा सडक अतिक्रमण गरेर व्यवसाय गर्दा त्यसको दोष हाटबजार व्यवसायीमाथि आउने गरेको उनले गुनासो गरे ।

आम उपभोक्ताको सहज पहुँच हुने स्थानमा सञ्चालन भएका र तुलनात्मकरूपमा सस्तो मूल्य हुने भएकाले हाटबजारहरू सफल भएको संघका महासचिव जयन्त घर्ती बताउँछन् । 'बहुतले भवनमा हाटबजार लैजाँदा आम उपभोक्ताको पहुँच सहज हुँदैन, सर्वसाधारण उपभोक्ताले भाटभटेनी वा अरू ठूला सुपरमार्केट जस्तै ठानेर आउँदैनन् र बजार दीगो हुँदैन,' घर्ती भन्छन्-'आम नागरिक गरिबीबाट मुक्त भएर समृद्ध भएको अवस्थामा भविष्यमा यस्ता बहुतले भवनमा हाटबजार लाग्न सक्छन्, तर अहिले सम्भव छैन, यो वास्तविकतालाई स्थानीय सरकारले हेक्का राख्नुपर्छ ।'

संघका सचिव ईश्वरचन्द्र भट्टराईले स्थानीय सरकारले व्यवसायीबाट वार्षिक करोडौं कर लिने गरे पनि हाटबजारहरूमा उपभोक्तामैत्री पूर्वाधारहरू बनाउन चासो नदिएको गुनासो गरे । व्यवसायीले आफैं लगानी गरेर टिनको छाना लगाउने र सामान राख्ने ठाउँ पक्की बनाउने गरेको, तर राज्यको लगानी नगण्य रहेको उनले गुनासो गरे । 'बुटवलमा मात्रै हाटबजार व्यवसायीले वार्षिक २ करोड बढी बैठकी कर तिरिरहेका छन्, स्थानीय कर पनि छुट्टै तिरेका छन्, तर कतिपय हाटबजारहरू खुला आकाशमुनि चलेका छन्, सबैजसो हाटबजारमा पर्याप्त मात्रामा शुद्ध खानेपानी, सफा शौचालय र सरसफाइ सुविधा समेत छैन,' भट्टराईले भने-'बजारका फेन्सी पसलले जत्तिकै समान कर तिरेका छौं, तर हामीलाई साना व्यवसायी भनेर हेपिएको छ, हाम्रा मागप्रति उपेक्षा गरिएको छ ।'

» बाँकी ३ पेजमा

## लुम्बिनी घुम्ने पर्यटकको संख्यामा गिरावट



**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको बेलहिया नाकाबाट एक वर्षमा एक लाख तीन हजार ९५५ जना पर्यटक नेपाल आएका छन् । अध्यागमन कार्यालय बेलहिया, रूपन्देहीका अनुसार सन् २०२५ मा सो संख्यामा पर्यटक आएका छन् भने सोही अवधिमा एक लाख दुई हजार ४५५ जना बेलहिया नाका हुँदै बाहिरीएका छन् ।

स्थलमार्ग हुँदै बेलहिया नाकाबाट आउने तेस्रो मुलुकका पर्यटकको संख्या बढेको छ । सन् २०२४ मा यो नाका हुँदै ९२ हजार ६४४ पर्यटक भित्रिएका थिए भने ९३ हजार २९० जना पर्यटक यहाँबाट गन्तव्यतर्फ प्रस्थान गरेका थिए । कार्यालय प्रमुख बासुराम पौडेलले २०२५ मा पर्यटकको आगमन साचेअनुरूप हुन नसके पनि विगतका वर्षभन्दा संख्या बढेको बताए ।

गत वर्षभन्दा १० हजार बढीले पर्यटकको आगमनको संख्या बढेको छे । सन् २०२५ मा यस नाकाबाट सबैभन्दा बढी श्रीलङ्काका ३४ हजार ३६६ पर्यटक नेपाल आएका छन् । त्यसपछि म्यानमारका १९ हजार ९६२, थाइल्यान्डका १९ हजार १९५, भियतनामका सात हजार ६४५, दक्षिण कोरियाका तीन हजार ८२ र संयुक्त राज्य अमेरिकाका दुई हजार १४९ जना छन् ।

एक वर्षको दौरान सबैभन्दा बढी मार्च महिनामा २० हजार ७२० पर्यटक नेपाल आएका छन् । यस्तै, फ्रेअुबरीमा १७ हजार ८७१, नोभेम्बरमा १६ हजार ३०५, अक्टोबरमा ११ हजार ६९७ र डिसेम्बरमा १० हजार ७२० पर्यटक नेपाल भित्रिएको तथ्याङ्क छ । यो नाका हुँदै सन् २०१८ मा एक लाख ६६ हजार २३५, सन् २०१९ मा एक लाख ६१ हजार ६९१, सन् २०२० मा ४३ हजार ३६७, सन् २०२१ मा ८१२, सन् २०२२ मा २० हजार २२० र सन् २०२३ मा ८१ हजार ८०५ पर्यटक नेपाल आएका छन् । यो नेपालमा स्थलमार्गबाट देशमै धेरै पर्यटक भित्रिने नाकाका रूपमा रहेको छ ।

यस्तै बुद्ध जन्मस्थल लुम्बिनी घुम्ने पर्यटक संख्यामा गिरावट आएको छ ।

» बाँकी ३ पेजमा


**हार्दिक बधाई तथा शुभकामना**

३८ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सञ्जीव भण्डारी
प्राचार्य

ISO 9001:2015

NEPATHYA COLLEGE
Tilottama - 5, Manigram
"An ISO 9001:2015 Certified Institution"

## सम्पादकीय

# आयोजना छनौट र खर्चमा लगाम

अर्थमन्त्रालयले बहुवर्षीय आयोजनाको स्रोत सहमतिसम्बन्धी मापदण्ड–२०८२ लागू गरेर बजेट विनियोजन र खर्चलाई लगाम लगाउन खोजेको छ। यो मापदण्डको इमान्दारीपूर्वक कार्यान्वयन गर्दा स्रोतको मनपरी खर्च भई राज्य स्रोतको दोहन न्यूनीकरण हुनेछ, प्राथमिकता प्राप्त विकास आयोजनाले बजेट पाउनेछन् । योजनाको कार्यान्वयन मागका आधारमा नभई आवश्यकताका आधारमा लागु हुनेछन् ।

आयोजना मनपरी थप्ने र ती आयोजनामा बजेट जाँदा प्राथमिकता प्राप्त आयोजनाले बजेट नपाउने प्रवृत्ति झाँगिदै गएर विकासम अराजकता बढेको थियो । स्रोतको मनपरी रोक्न अर्थमन्त्री रामेश्वर खनालले विधि बनाएर थिति बसाल्न खोजेका छन्, उनको पहलकदमी सकारात्मक छ। अर्थ मन्त्रालयले पुस १३ गते बहुवर्षीय आयोजनाको स्रोत सहमतिसम्बन्धी मापदण्ड लागू गरेसँगै चालु आर्थिक वर्षमा काम हुने ठूला आयोजनाका लागि स्रोत सहमति माग्न थालिएको छ। अर्थले राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट र राष्ट्रिय योजना आयोगबाट स्वीकृत विवरण पेस गर्न भनेको छ। मापदण्डअनुसार मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा प्रविष्ट भएको, डिजाइन र निर्माण खरिद सम्झौता (डिजाइन एन्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट) बाहेक अन्य खरिदको हकमा स्वीकृत आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन स्रोत सहमति लिन पेस गर्नुपर्नेछ।

मापदण्डले गौरव र ठूला आयोजनामा मात्र बहुवर्षीय सहमति दिने हो। सबै आयोजनालाई बहुवर्षीयमा लगेर त्यसको दुरुपयोग हुन नदिन मापदण्ड बनाइएको हो । आयोजना बैंकमा भएका आयोजनालाई मात्र स्रोत सहमति दिने भएकाले आयोजनाको छनौट र बजेट विनियोजनलगायतमा विधि स्थापित हुनेछ । बहुवर्षीय आयोजनाको प्रस्ताव पेस गर्दा राष्ट्रिय आयोजना बैंक र मध्यमकालीन खर्च संरचनामा समावेश भएका तथा कुल लागत अनुमान ५० करोड रुपैयाँभन्दा बढी भएका आयोजनाका लागि मात्र स्रोत सहमति माग्नुपर्ने, सरकारी भवन निर्माण वा सेवा खरिद आयोजनामा लागत अनुमान २० करोडभन्दा बढी हुनुपर्ने, स्रोत सहमति प्रस्ताव गर्दा आयोजनाको कुल अनुमानित लागतको न्यूनतम एक चौथाइ रकम विनियोजन भएको हुनुपर्नेलगायतका विषय मापदण्डमा समावेश गरिएको छ।

स्रोतको चाप एकातिर छँदैछ, मनपरी आयोजना छनौट गरी बजेट खर्च नतिजामुखी देखिन नसकिरहेका बेला बजेट खर्चलाई नतिजामुखी बनाउन खोजिएको देखिन्छ । बजेट खर्चलाई नतिजामुखी बनाउने पहलले विकास आयोजना छनौट गर्दा समेत मनपरी हुनेछैन। बजेट खर्च हुने तर नतिजा नदेखिने प्रवृत्ति यो मापदण्ड लागु गर्दा हट्नेछ। पहुँच र प्रभावका आधारमा बजेट विनियोजन र खर्च गर्ने प्रवृत्ति रोकिंदा राज्य स्रोत सही ठाउँमा खर्च हुने वातावरण बन्ने छ। मापदण्डको कार्यान्वयन र पालना गर्न सबै मन्त्रालयको नेतृत्व इमान्दार हुनुपर्छ।

# समृद्ध नेपाल : सुशासन र नागरिक व्यावसायिकता अनिवार्य सर्त



दयाराम पण्डित

सीप र परम्परामा आधारित व्यवसाय सञ्चालन गर्न उचित वातावरण दिनुपर्छ। महिला तथा ग्रामीण क्षेत्रमा उपयुक्त पर्यटन र निर्यातसँग जोड्न सकिने व्यवसाय सञ्चालन गरेर विदेशी आयातीत वस्तुमा बन्देज वा अधिकतम कर लगाउने नीति राज्यले लिनुपर्छ। त्यसैले अब सबै नेपाली नागरिक व्यवसायी, सबै नेपाली व्यवसायी नेपाली नागरिक बनाउन देशमा सुशासन र उद्यमशीलता अपरिहार्य छ।

मुलुक समृद्ध बनाउन सुशासन पहिलो सर्त हो । सुशासनले मात्र नागरिकमा व्यावसायिकता ल्याउँछ। अस्थिर राज्य प्रणालीले न त देशमा सुशासन कायम गर्छ, न नागरिकलाई व्यावसायिक बनाउँछ। यसले त केवल मागी खाने सरकार र पलायनवादी नागरिक सोंचको विकास गर्छ। हामीले पढेको इतिहास र देखेभोगेको राज्यसत्ताबाट नागरिक सन्तुष्टि भएन भन्ने मात्र बुझ्यौं। जहिल्यै भएन, गरेन, सकेन, मासियो, लुटियो, खायो, सकियो भन्नेबाहेक सकारात्मक सृजनशीलताका सवाल उठान विरलै भए।

यहाँ को नेता, को जनता, को कर्मचारी, को पत्रकार, को उद्यमी, को शिक्षक/प्राध्यापक, को किसान/मजदुर हो ? कसको भूमिका के हो ? कसको काम के हो ? यहाँ त सबै नेता नागरिक, सबै नागरिक नेता भनेजस्तै को कुन भूमिकामा छ ? छुट्याउन सक्ने अवस्था रहेन । अर्थात् अधिकारको खोजी त भयो, तर मेरो कर्तव्य के हो, मेरो पहिलो दायित्व के हो ? भन्नेमा हामी गएनौं । मैले गरेको सबै ठीक, अरुले गरेको सबै बेठीक भन्नेमा गयौं । फलतः त्यसको प्रतिफल पुर्खाले परिकल्पना गरेको सुन्दर शान्त विशाल देश निर्माण गर्न सकेनौं।

मैले एकपटक रेडियो पौरखी एफएम बाजुराबाट कार्यक्रम समयचक्रमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई हामी नेपालीले जहिल्यै राजनीतिक लडाइँ मात्र लडिरहने ? देशले लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसक्यो, आर्थिक-सामाजिक समृद्धिको सवाल कहिले सम्बोधन हुन्छन् ? भनेर सोधेको थिएं । त्यसको सटिक र सान्दर्भिक जवाफमा पूर्वप्रधानमन्त्री डा. भट्टराईले भन्नुभएको थियो- 'देशका हरेक भूगोलमा वातावरण सुहाउँदो व्यवसाय सञ्चालन गर्न सकिन्छ। नागरिक व्यावसायिकताका तमाम आधारहरु हाम्रो भूगोलमा छन् । मात्र हाम्रो देशमा स्थायी सरकार, मध्यावधि हैन, आवधिक निर्वाचन, सुशासन र राजनीतिक दूरदर्शिता छैन । उक्त कुरा देशका लागि अहिलेको पहिलो आवश्यकता हो।' यतिखेर पनि उहाँको यो कथन स्मरणयोग्य रहेको छ।

हो, हामीले सोंचेको र परिकल्पना गरेको सुन्दर देश निर्माण गर्न बाधक भनेकै देशको सुशासन र प्रत्येक नागरिक व्यावसायिक बनाउन नसक्नु हो । आजसम्म हामी गफैगफको हुल्लडमा रुमलिएका छौं। सामान्यतया जुन घरमा भोलिका लागि आज सल्लाह हुन्छ, त्यो घरका सदस्य कर्तव्यपालनका साथ बिहानै आ-आफ्नो काममा लाग्छन्, त्यो घरबार राम्रो बन्दै जान्छ। जुन घरमा बेलुकीपख कोही दिउँसै घर आउँछन्। कोही साँझ, कोही मध्यरातमा खुट्टा लडबडाउँदै आउँछन् अनि भोलिपल्ट बिहानै घरमा कचकच सुरु हुन्छ। यो पुगेन, ऊ पुगेन भनेर कराउने कामबाहेक केही हुँदैन । त्यसैले 'हुने घरको बासा सल्लाह, नहुने घरको छकाल्या सल्लाह भनिन्छ।' हो, हाम्रो देशमा गतिछाडा छकाल्या सल्लाह हुन्छ र मतिभ्रष्ट भएको हो।

अब मुख चलाएर मात्र देश बन्दैन भन्ने हामी सबैले बुझिसकेका छौं । जति बेला हाम्रा मुख बन्द थिए, त्यसका विरुद्ध लडेर जेलनेल भोगी हजारौं शहीद भए। त्यसले मुख खोल्ने शासन पद्धति ल्याइसक्यो। अबको नयाँ नेपाल बनाउने नै हो भने त हात-पाखुरा खियाउने (बजार्ने) पद्धतिको विकास गर्न आवश्यक छ । देशी-विदेशीहरु भन्छन्- नेपाल देश स्वर्गको टुक्रा हो, वीर पुर्खाको सुन्दर शान्त देश हो। यहाँ सुनका थाली छन्।

तर नजानेर नेपालीहरु कागजका चुहिने टपरी बोकेर भिख मागिरहेका छन्। हो, भएका भौतिक संरचना ध्वस्त गर्ने, खेतबारी बाँझो राख्ने, व्यावसायिक उद्योग व्यवसाय जलाएर खरानी बनाउने, दम्भ र हुङ्कारी शासक आफू हेलिकोप्टर चढेर ज्यान बचाउने अनि त्यही खरानीको फोस्रोमा टेकेर होली खेल्ने । विडम्बना ! अनि हामी भोका-नाङ्गा भयौं भनेर विदेशीसँग हात थाप्ने । यस्तो राज्यक्रान्तिले कहिल्यै समृद्धि आउँदैन । अब हामीले अवसरको खोजी हैन, प्रत्येक नागरिकले व्यवसायको सृजना गर्न सक्नुपर्छ।

हो, हाम्रो देश नेपाल आज आर्थिक रूपान्तरण, सामाजिक न्याय र दिगो विकासको सङ्क्रमणकालमा उभिएको छ । प्राकृतिक स्रोत, सांस्कृतिक विविधता र युवा जनशक्ति हुँदाहुँदै पनि अपेक्षित समृद्धि हासिल गर्न नसक्नुको मूल कारण सुशासनको कमजोरी र नागरिकमा व्यावसायिक सोचको अभाव हो । यदि राज्यमा सुशासन स्थापना हुन्छ र नागरिक व्यावसायिक, जिम्मेवार र उद्यमशील बन्छन् भने नेपाललाई समृद्ध बनाउन नेपालीले नै हातेमालो गर्नुपर्छ । भनिन्छ, दिएर आफ्नो खौरेर चिल्लो कहिल्यै हुँदैन। त्यसले परनिर्भता मात्र बढाउँछ। नेपालीलाई दिन-प्रतिदिन खोक्र्याउँछ मात्र।

भनिन्छ- सुशासन विकासको मेरुदण्ड हो । सुशासन भनेको केवल भ्रष्टाचार नहुनु मात्र होइन, यो कानुनको शासन, पारदर्शिता, जवाफदेहिता उत्तरदायित्व, सहभागिता र प्रभावकारी सेवा प्रवाहको समष्टि हो । नेपालमा विकास योजनाहरू असफल हुनुको मुख्य कारण नीति निर्माण र कार्यान्वयनमा सुशासन कमजोर हुनु हो । देशमा सुशासन भएमा सार्वजनिक स्रोतको सदुपयोग हुन्छ, लगानीमैत्री वातावरण बन्छ, सेवा प्रवाह छरितो र प्रभावकारी हुन्छ अनि जनविश्वास बढ्छ । जब शासन प्रणाली पारदर्शी र जवाफदेही हुन्छ, तब राज्य नागरिकको भरोसायोग्य साझेदार बन्छ, जुन समृद्धिको पहिलो सर्त हो।

भनिन्छ, व्यावसायिक नागरिक आत्मनिर्भर अर्थतन्त्रको आधार हो। व्यावसायिक नागरिक भनेको केवल व्यापारी मात्र होइन,

कामप्रति इमानदार, समयपालक, सीपयुक्त, उद्यमशील र नवप्रवर्तनशील सोच भएका नागरिक हुन् । नेपालमा अझै पनि 'जागिरमुखी' मानसिकता हाबी छ, जबकि समृद्ध राष्ट्रका नागरिक 'उद्यममुखी' हुन्छन् । व्यावसायिक नागरिकको भूमिका भनेको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, रोजगारी सिर्जना गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु अनि कर प्रणालीलाई बलियो बनाउनु हो । यसका लागि स्थानीय स्रोत र सीपको अधिकतम उपयोग गर्न सक्नुपर्छ । राज्यले उचित वातावरण दिनुपर्छ। जब नागरिक आफैं उद्यमशील बन्छन्, राज्यको बोझ घट्छ र अर्थतन्त्र चलायमान हुन्छ।

सुशासन र व्यावसायिकताबिचको अन्तरसम्बन्ध छ। सुशासनबिना व्यवसाय फस्टाउँदैन र व्यावसायिक नागरिकविना सुशासन अर्थपूर्ण हुँदैन । सुशासनले व्यवसाय गर्न सहज वातावरण बनाउँछ। व्यावसायिक नागरिकले राज्यलाई कर, रोजगारी र स्थायित्व गर्छ । यो दुई पाङ्ग्रे रथजस्तै हो, एउटा कमजोर भए समृद्धिको यात्रै अघि बढ्दैन।

नरामा मात्र हैन, साँच्चीकै समृद्ध नेपाल बनाउने हो भने राज्यले सरकार नागरिकको शासक हैन, सहयोगी अभिभावक बन्नुपर्छ। आवश्यक कदमहरु चाल्न ढिलो भइसकेको छ। तसर्थ समृद्ध नेपाल निर्माणका लागि यी आधारहरू अपरिहार्य छ- शासनमा सुधार, भ्रष्टाचारमुक्त प्रशासन, डिजिटल सेवा र ई-शासन । स्थानीय सरकारलाई सक्षम बनाउन नीतिगत कार्यान्वयन हुनुपर्छ । त्यस्तै नागरिकमा व्यावसायिक चेतना दिन पनि उत्तिकै आवश्यक छ । यसै गरी उद्यमशील शिक्षा हुनुपर्छ। विद्यालय तहदेखि सीपमूलक तथा प्राविधिक तालिम हुनुपर्छ। युवालाई सहुलीयतपूर्ण ऋण, बजार पहुँच कृषिलाई व्यवसायीकरण, राज्य-नागरिक सहकार्य, नीति निर्माणमा निजी क्षेत्रको सहभागिता पनि उत्तिकै आवश्यक छ । सार्वजनिक-निजी साझेदारी, नागरिक कर्तव्य र जिम्मेवारीबारे जागरण हुनुपर्छ।

समृद्ध नेपाल कुनै सपना मात्र होइन, यो सुशासन र व्यावसायिक नागरिकको संयुक्त यात्राबाट प्राप्त गर्न सकिने यथार्थ लक्ष्य हो । राज्यले सुशासनको ग्यारेन्टी दिनुपर्छ भने नागरिकले व्यावसायिक सोच, इमानदारिता र परिश्रम प्रस्तुत गर्नुपर्छ। जब शासन जिम्मेवार र नागरिक आत्मनिर्भर हुन्छन्, तब नेपाललाई समृद्ध बन्नबाट कसैले रोक्न सक्दैन । समृद्धि आयात हुँदैन, यो सुशासन र व्यावसायिक नागरिकको पसिनाबाट उत्पादन हुन्छ।

नेपालको मुख्य आर्थिक समस्या बेरोजगारी होइन, उत्पादक स्वरोजगारको अभाव हो। प्राकृतिक स्रोत, युवा जनशक्ति र स्थानीय सीप हुँदाहुँदै पनि रोजगारी सिर्जना हुन नसक्नु राज्य, समाज र नागरिक तीनै पक्षको कमजोरी हो । यदि प्रत्येक नागरिकलाई स्वरोजगारतर्फ उन्मुख गराउने नीति र व्यवहार अपनाइयो भने नेपाल आत्मनिर्भर मात्र होइन, समृद्ध राष्ट्र बन्न सक्छ।

व्यावसायिक कृषि तथा कृषिमा आधारित उद्योग सञ्चालन हुनुपर्छ । तरकारी, फलफूल र नगदे बालीमा जोड दिनुपर्छ । व्यावसायिक रुपमा कुखुरा, बाख्रा, भैंसी, मौरी पालन गरी दूध, दही, घिउ, चिज उत्पादन गरिनुपर्छ । त्यस्तै अचार, जुस, सुकुटी उत्पादन एवं जडीबुटी खेती र प्रशोधनमा जोड दिनुपर्छ । नेपालमा कृषि बजारको प्रचुर सम्भावना छ । कृषिमा धेरै जनसंख्या आश्रित छन् । आयात प्रतिस्थापनको ठूलो हिस्सा स्थानीय बजारलाई सुनिश्चित गर्नुपर्छ । न्यून पुंजीमै सुरु गर्न सकिने व्यवसाय गर्नका लागि केही चुनौती पनि देखिन्छन्। जस्तै- परम्परागत खेती प्रणाली छ।

बजार र मूल्य सुनिश्चितताको अभाव, सिँचाइ र प्रविधिको कमी, किसान-व्यवसायी समन्वय कमजोर देखिएको छ । साना तथा घरेलु उद्योगमा ढाका, अल्लो, ऊन, हस्तकला, काष्ठकला, धातुकला, माटोका भाँडा अगरबत्ती, साबुन, मैनबत्ती, फर्निचर तथा साना वर्कसपलगायत अहिलेको डिजिटल प्रविधियुक्त व्यापार व्यवसाय सञ्चालन गर्न सकेको अवस्था छैन । यद्यपि हाम्रो सुन फलाउने माटोमा पर्याप्त मात्रामा सम्भावना पनि छ। पर्यटनको प्रचुर सम्भावना छ। नीतिगत व्यवस्था गर्नुपर्छ, हजारौं युवा पर्यटक गाइड गरेर मात्र राम्रो जीवनयापन गर्न सक्छन्। सीप र परम्परामा आधारित व्यवसाय सञ्चालन गर्न उचित वातावरण दिनुपर्छ । महिला तथा ग्रामीण क्षेत्रमा उपयुक्त पर्यटन र निर्यातसँग जोड्न सकिने व्यवसाय सञ्चालन गरेर विदेशी आयातीत वस्तुमा बन्देज वा अधिकतम कर लगाउने नीति राज्यले लिनुपर्छ । त्यसैले अब सबै नेपाली नागरिक व्यवसायी, सबै नेपाली व्यवसायी नेपाली नागरिक बनाउन देशमा सुशासन र उद्यमशीलता अपरिहार्य छ । देश सञ्चारबाट

# नेप्से परिसूचक २८ अङ्कले बढ्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २८ दशमलव ७३ अङ्कले बढेर दुई हजार ६३९ दशमलव ३७ को बिन्दुमा कायम भएको छ। यो एक दशमलव १० प्रतिशतको वृद्धि हो । ३३५ कम्पनीको एक करोड २४ लाख ५९ हजार ९५१ कित्ता शेयर ८४ हजार ९९० पटक खरिदबिक्री हुँदा रु ६ अर्ब ४७ करोड ३७ लाख ३६ हजार ९९ बराबरको कारोबार भएको छ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ०५, विकास बैंक समूह दुई दशमलव ७० र होटल तथा पर्यटन समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ६७, वित्त शून्य दशमलव ८३, जीवन बिमा शून्य दशमलव ४९, जलविद्युत् एक दशमलव १४, लगानी एक दशमलव २५, लघुवित्त शून्य दशमलव ५३, म्युचुअल फण्ड शून्य दशमलव ४३, निर्जीवन बिमा शून्य दशमलव ५७, व्यापार शून्य दशमलव २२ र अन्य समूह शून्य दशमलव शून्य दशमलव ७३ प्रतिशतले बढेको छ।

सागर डिस्टिलरी लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, श्रीनगर एग्रीटेक एन्डस्ट्रीज लिमिटेड, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड र रुरु जलविद्युत् परियोजना लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने स्टाण्डर्ड चार्टर्ड बैंक लिमिटेड डिबेन्चर दुई दशमलव ४९ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम सिमेन्ट लिमिटेडको रु ३८ करोड ६९ लाख ५० हजार ३४७ बराबरको छ लाख २२ हजार ८४० कित्ता शेयर किनबेच भएको छ।

# बढ्दै चिसोजन्य समस्याका बिरामी

देशभर चिसो ह्वात्तै बढेको छ। चिसो बढेसँगै समस्या लिएर अस्पताल पुग्ने बिरामीहरुको संख्या पनि बढ्दै गएको छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा करिब एक सातादेखि चिसोजन्य समस्या लिएर पुग्ने बिरामी बढ्न थालेको छ।

अस्पतालका निर्देशक डा. युवानिधी बसौंलाका अनुसार हाल ओपिडीमा दैनिक १ हजारको हाराहारीमा बिरामी आउने गरेको बताउँछन् । अस्पताल आउने अधिकांशजसो रुघाखोकी, ज्वरो तथा दमका बिरामी रहेको उनले जानकारी दिए । थोरै संख्यामा झाडापखालाका बिरामीहरु पनि अस्पताल पुग्ने गरेका छन्। त्यसमा पनि वृद्धवृद्धा र दीर्घ रोगीहरु बढी हुन्छन् । अस्पतालमा भर्ना नै भएर सेवा लिने बिरामीको संख्या भने पछिल्लो साता घटेको उनले जानकारी दिए।

रुघाखोकीका बिरामी निमोनिया भइसकेपछि वा जटिल अवस्थामा मात्रै अस्पताल भर्ना हुने गरेको सरुवा रोग विशेषज्ञ डा.शेरबहादुर पुन बताउँछन्।

उनका अनुसार चिसो मौसममा रुघाखोकी, कमन कोल्ड, फ्लु, झाडापखाला जस्ता समस्या बढी देखिन्छ। धेरैलाई कमन कोल्ड, फ्लुलगायतले सताउने गरेको उनको अनुभव छ। चिसो बढ्दै जाँदा सर्ने रोगका साथै नसर्ने रोगका कारण पनि जोखिम बढ्दै जाने उनी बताउँछन्। उनका अनुसार यो समयमा मुटु रोगका कारण हुने मृत्युको जोखिम तथा उच्च रक्तचापका बिरामीहरुलाई हृदयघात हुने सम्भाावना पनि बढ्ने गर्छ। चिसोमा युवा अवस्थाका मानिसले समेत हृदयघातका कारण ज्यान गुमाउने जोखिम बढ्ने उनले बताए। मुटु तथा दमका बिरामीहरुमा स्वास्थ्य समस्या बढ्ने भएकोले त्यस्ता बिरामीहरुलाई विशेषगरी चिसोमा स्वास्थ्यको ख्याल राख्न उनको सुझाव छ।

**चिसोमा स्वास्थ्यको हेरचाह कसरी गर्ने ?**

चिसो सुख्खापनको समय भएकोले झोलिलो खानेकुराको सेवन बढी गर्न डा पुनको सुझाव छ। चिसो मौसम धुलो धुँवा तथा प्रदुषणको मौसम पनि भएकोले फोक्सो तथा मुटुरोगीहरुले विशेषरुपमा स्वास्थ्यको ख्याल राख्नुपर्ने उनले बताए।

दीर्घरोगीहरु नियमित रुपमा चिकित्सकको सम्पर्कमा रहन उनी सुझाव दिन्छन्। रुघाखोकीबाट जोगिन सार्वजनिक स्थानमा माक्सको अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने, रुघाखोकी धेरै लाग्ने मानिसले फ्लुको खोप लगाएर पनि जटिल अवस्थामा पुग्नबाट जोगिने सकिने डा.पुनले बताए।

**के छ सरकारको तयारी ?**

चिसोबाट जोगिनका लागि स्वास्थ्य मन्त्रालय तथा जनसंख्या मन्त्रालयले पूर्व तयारी गरेको प्रवक्ता डा.प्रकाश बुढाथोकी बताउँछन्।

चिसोको सुरुवातसँगै मन्त्रालयले देशैभरीका स्वास्थ्य संस्थामा कार्यरत फिजिसियनलगायत विज्ञ जनशक्तिलाई लामो बिदामा नजानका लागि निर्देशन दिएको उनले बताए।

चिसोमा आइपर्ने स्वास्थ्य समस्याहरुसँग सामना गर्न कर्मचारीहरुलाई अभिमुखीकरण दिने तथा स्वास्थ्य संस्थामा औषधिको आपूर्ति सहज रुपमा गराउने व्यवस्था गरिएको प्रवक्ता डा.बुढाथोकीको दाबी छ।

स्वास्थ्य संस्थामा दैनिक कस्ता बिरामीहरु आउने गरेका छन् भने निगरानी प्रक्रियालाई समेत अगाडि बढाइएको उनले जानकारी दिए। सञ्चार माध्यम तथा मन्त्रालयका सामाजिक सञ्जालमार्फत् चिसोमा देखिन सक्ने स्वास्थ्य समस्याहरु तथा जोगिने उपायहरुका बारेमा मन्त्रालयले जानकारी दिँदै आएको उनी बताउँछन्।

मधेश प्रदेशमा शीतलहरबाट पर्न सक्ने जोखिमलाई कम गर्नका लागि मन्त्रालयले बैठक नै बसेर तयारी अवस्थामा रहनका लागि निर्देशन दिइसकेको उनको दाबी छ। यसका लागि मधेश प्रदेशका मन्त्रालय, निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रलाई पूर्वतयारीका लागि निर्देशन समेत दिइसकिएको उनी बताउँछन्। स्वास्थ्य खबरबाट

# पुतलीबजार र चापाकोटमा 'ट्रस ब्रिज' निर्माण

**प्रकाश डोटेल**

*स्याङ्जा,*

स्याङ्जाको पुतलीबजार नगरपालिका र चापाकोट नगरपालिकामा ट्रस ब्रिज र झोलुङ्गे पुल निर्माण गरिएको छ। पुतलीबजारको नायारणस्थान-मजुवा जोड्ने र चापाकोटको कशेनी-बर्कानटार जोड्ने गरी झण्डै ६७ लाखमा झोलुङ्गे पुल निर्माण गरिएको हो।

एक वर्षमा सक्नेगरी आर्थिक वर्ष २०८१/०८२ को जेठमा सम्झौता भएको दुबै पुल करिब ६ महिनाको अवधिमा निर्माण सकिएको छ। पुतलीबजार नगरपालिका-१ को नारायणस्थान-मजुवा जोड्ने गरी अरौदीखोलामा ३३ लाख ७६ हजार रुपैयाँको लागतमा झण्डै ३५ मिटर लम्बाईको ट्रस ब्रिज निर्माण भएको छ।

उता चापाकोट नगरपालिका-८ स्थित कशेनी-बर्कानटार जोड्ने गरी भुतियाखोलामा झोलुङ्गे पुल बनेको पूर्वाधार विकास कार्यालय स्याङ्जाले जनाएको छ। कशेनीमा बनेको ८० मिटर लम्बाईको झोलुङ्गे पुल ३३ लाख १६ हजार रुपैयाँको लागतमा निर्माण भएको हो। पूर्वाधार विकास कार्यालयमार्फत् बनेका दुबै पुल गण्डकी प्रदेश सरकारले निर्माण गरेको हो।

अरौदीखोलामा बनेको ट्रस ब्रिजले पुतलीबजार नगरपालिका-१ र ३ का स्थानीयलाई आउजाउमा सहज भएको छ। पुल बनेसँगै मजुवा, बाडखोलाका स्थानीयलाई स्याङ्जा बजार आउजाउ गर्न र स्याङ्जा बजारका स्थानीयलाई प्रगतिनगर हुँदै घुमाउँरो बाटोबाट यात्रा गर्नुपर्ने बाध्यता हटेको स्थानीय राजेश श्रेष्ठले बताए।

चापाकोट नगरपालिका-८ को भुतियाखोलामा बनेको झोलुङ्गे पुलले कशेनी र बर्कानटार र माडीतर्फ आउजाउ गर्न सहज भएको स्थानीय कल्पना भुषालले बताइन्। पुलको अभावमा कशेनी-बर्कानटार दुबैतर्फका स्थानीयहरु कृषिउपज ओसारपसार गर्न लामो समयदेखि सास्ती भोग्दै आएका थिए। घुमाउँरो बाटोको यात्रा र कृषिजन्य वस्तुको ओसारपसारमा स्थानीयलाई पुलले सहज बनाएको भुषालले बताइन्।

चालु आर्थिक वर्ष २०८२/०८३ मा बनेका दुई पुलसहित जिल्लामा ५ वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार भीरकोट नगरपालिकाको चरांग-साउन्दी जोड्ने गरी धुवादीखोला, हरिनाश गाउँपालिका-३ को बुम्दीललही-बलाम्दी जोड्ने र चापाकोट नगरपालिका-४ स्थित चिलौदीखोलामा घुर्लेचौर-बाहुनडाँडा जोड्ने गरी झोलुङ्गे पुल निर्माण गरिने भएको छ।

जिल्लामा चालु आर्थिक वर्षमा दर्जन भन्दा बढी झोलुङ्गे पुल निर्माण हुने भएका छन्। संघीय तथा प्रदेश सरकारको विनियोजित बजेट तथा सामुदायिक सेवा केन्द्र स्याङ्जाको समन्वयमा संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा झोलुङ्गे पुल निर्माण हुने भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

# रूपन्देहीलाई दुई दिवसीय टेष्ट सिरिज



भैरहवा। रूपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' अन्तर्गत दुई दिवसीय टेष्ट रूपन्देही-११ ले हात पारेको छ। रूपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई १ सय १ रनले पराजित गर्दै जित निकालेको हो।

आइतबार रूपन्देहीले पहिलो इनिङ्मा १ सय २२ रन बनाएको थियो भने आर्मीले १ सय ५५ रन बनाएको थियो। यसक्रममा आर्मीका जितेन्द्रसिंह ठकुरी ५८ रनमा अविजित रहेका थिए।

सोमबार भएको दोस्रो इनिङ्मा रूपन्देहीले २ सय ५ रन बनाएर पारी घोषित गर्यो। जसमा देव खनालले ७८ र प्रज्ज्वल थापाले नटआउट ४२ रन बनाए। बलिङ्मा आर्मीका अनिश धामी र पारससिंह धामीले २-२ विकेट लिए। आर्मीले पहिलो दिन १६ रनले अग्रता लिए पनि दोस्रो दिन रूपन्देहीले दिएको १ सय ७३ रनको लक्ष्य पछ्याउने क्रममा ७१ रनमा अलआउट भयो। रूपन्देहीको इनिङ सुरु हुनुअघि आर्मीले ३३ रनले अग्रता लिएको थियो।

आर्मीका प्रदीप पेलाले २१, जितेन्द्रसिंह ठकुरीले १७ र प्रदीप सिंह चाइसिरले १६ रन बनाए। बलिङ्मा रूपन्देहीका सन्देश थापा र अजयकुमार चौहानले ३-३ तथा सुरज खड्का र विशाल भुसालले १-१ विकेट लिए। अजयकुमार चौहान म्यान अफ द म्याच घोषित भए।

नेपालमै पहिलोपटक तीनवटा फर्म्याटमा दुई टीमबिच प्रतिस्पर्धा भइरहेको हो। दुई दिवसीय टेष्ट सकिएसँगै मंगलबारबाट वनडे सिरिज हुनेछ। प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवनकुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन्। प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन्।

यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन्। यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ। प्रतियोगिता संयोजक प्रथम पराजुलीलका अनुसार पुस २३, २५ र २७ गते ओडीआई, २९, ३० र माघ १ गते टी-ट्वान्टी क्रिकेट सिरिज हुनेछ।

# लीलाराम माविका विद्यार्थीलाई स्वागत

## जेनजीले विकृति र विसंगतीको अन्त्य गरी नयाँ समाजको सुरुवात गर्न सक्छः मन्त्री तिमिल्सिना

भैरहवा। रुपन्देहीको भैरहवामा अवस्थित रुपन्देही लीलाराम न्यौपाने माध्यमिक विद्यालयमा कक्षा ११ का विद्यार्थीलाई स्वागत गरिएको छ।

लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाको प्रमुख आतिथ्यतामा कक्षा ११ को विभिन्न संकायमा अध्ययनरत विद्यार्थीहरुलाई कक्षा १२ का विद्यार्थीहरु स्वागत गरेका हुन्।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तिमिल्सिनाले विद्यालयले चरित्र, अनुशासनको साथ विद्यार्थीको सबै क्रियाकलाप अगाडि बढाइरहेको बताउँदै जेनजी उमेर समूहले विकृति र विसंगतीको अन्त्य गरी नयाँ समाजको सुरुवात गर्न सक्ने हुँदा समयको सही सदुपयोग गर्न अनुरोध गरे।

शिक्षाको साथसाथै अहिलेको समाजले रुपान्तरण खोजेको छ। अहिलेको पढाइमा धेरै फरक छ, भौतिक पूर्वाधार मात्रै सबै होइन, शिक्षाको गुणस्तर बढाउन र विद्यार्थीको भविष्य निर्माण गर्ने खालको कार्यक्रम प्रविधिसँग जोडेर गर्नुपर्ने उनले बताए।

प्रदेश सरकारले मेरो विद्यालय मेरो दायित्व अभियान चलाएको छ र १०९ वटै पालिकामा लागु गर्न लागिएको बताउँदै शिक्षा क्षेत्रमा लगानी गर्ने इच्छाशक्ति भएको, नयाँ दिशा दिन सक्ने र चेतना फैलाउन सक्ने भावना र सोंच भएका व्यक्तिलाई सहभागी गराई महत्व जगाउने जिम्मा हाम्रो रहेको बताए।

उनले शिक्षामार्फत् के सही र गलत के हो भन्ने छुट्याउने हुँदा शिक्षाले जीवन मात्रै होइन भविष्य पनि राम्रो बनाउन सहयोग पुग्ने जनाए। शिक्षा नै संसारको महत्वपूर्ण अंग हो, राम्रो भएर विद्यार्थीको जीवनस्तर परिवर्तन नहुने बताउँदै उनले अनुहार परिवर्तन गर्न सकिने, तर नैतिकता बिग्रेमा सुधार्न नसकिने उल्लेख गरे।

विशिष्ट अतिथि विद्यालयका प्रधानाध्यापक रुपकुमार रायमाझी क्षेत्रीले विद्यालयको इतिहासबारे जानकारी गराउँदै हाल २ हजार २ सय ९२ विद्यार्थी अध्धयनरत रहेको बताए। ७८ जना शिक्षक कर्मचारीहरुबाट साधारण शिक्षातर्फ बाल-विकासदेखि कक्षा १२ सम्म नेपाली तथा अंग्रेजी दुबै माध्यममा शिक्षा, व्यवस्थापन, विज्ञान संकायमा र प्राविधिकतर्फ सिटिइभिटिको ३ वर्षे डिप्लोमा इन कम्प्युटर इञ्जिनियरिङ्ग र प्रि-डिप्लोमा इन आइटिकार्यक्रम सञ्चालन रहेको उनले जनाए। उनले विद्यार्थीहरुलाई समसामयिक परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने खालको शिक्षा प्रदान गर्नु आफूहरुको पहिलो प्राथमिकता रहेको बताए।

कार्यक्रममा बोल्दै विशिष्ट अतिथि सिद्धार्थनगर नगरपालिका वडा नम्बरका अध्यक्ष राजनजंग राण, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तीलकराम ज्ञवाली, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख विष्णुप्रसाद पन्थी, सामाजिक विकास डिभिजन कार्यालका प्रमुख हरि विष्ट, शिक्षा तालिम केन्द्रका प्रमुख हिमलाल खनाललगायतले उत्कृष्ट विद्यालयको परिचय लिलारामले बनाएकाले शिक्षासँगै आवश्यकता अनुसारको प्रविधि र अतिरिक्त क्रियाकलापमा पनि जोड दिँदै लानु पर्ने बताएका थिए। अझ लगनशिल र मेहनेती भएर अध्ययन कार्यमा लाग्न समेत सुझाव दिँदै उनीहरुले विद्यार्थीले नेतृत्व लिइ गरेको कार्यक्रम उत्कृष्ट रहेको बताए। विद्यालयबाट थुप्रै दक्ष जनशक्ति तयार गरेकोमा विद्यालयको प्रशंसा गर्दै शिक्षाको ज्योति जगाउने कामका लीलारामको महत्त्वपूर्ण भूमिका रहेको उनीहरुले उल्लेख गरे।

अनुभव साझा गर्दै विद्यार्थीहरुले पढाइको राम्रो वातावरणमा भएको तथा सुविधा सम्पन्न भौतिक पूर्वाधार एवं प्रयोगात्मक अभ्यासहरु हुनुका साथै विद्यालयले अतिरिक्त क्रियाकलापलाई प्राथमिकतामा राखेर व्यवहारिक ज्ञान समेत दिँदै आएको बताए। उनीहरुले सैद्धान्तिकभन्दा व्यवहारिक तथा गुणस्तरीय शिक्षामा विशेष जोड दिँदै आएको समेत जनाए।

विद्यार्थीहरुकै सक्रियतामा निरन्तर यो कार्यक्रम निरन्तर हुँदै आएको छ। कार्यक्रमको अवसरमा विद्यालय परिसरमा निर्माण भएको क्रिकेट अभ्यास नेटको पनि उद्घाटन गरिएको छ।

विद्यार्थी अमरनाथ लोधको अध्यक्षता, शिक्षक भोजराज पौडेलको स्वागतबाट सुरु भएको कार्यक्रमको सञ्चालन स्मीका अधिकारी र विष्णु कोहारले गरेका थिए। कार्यक्रममा कक्षा ११ का ४ सय ३० जना विद्यार्थीलाई कक्षा १२ का २ सय २७ विद्यार्थीले स्वागत गरेका थिए। विद्यालय २०१२ सालमा स्थापना भएको हो।

# स्याङ्जाको चापाकोटमा महोत्सव

स्याङ्जा। स्याङ्जा जिल्लाको दक्षिणी भेगस्थित व्यापारिक केन्द्र चापाकोटमा पौष २५ गतेदेखि माघ ६ गतेसम्म 'तेस्रो चापाकोट महोत्सव-२०८२' हुने भएको छ। कालीगण्डकी बेसिको समथर भूगोल भएको चापाकोट नगरपालिका-९ सुन्तलीटारस्थित खेलमैदानमा महोत्सव सञ्चालन गरिने भएको हो।




'हाम्रो मान हाम्रो शान, सुन्दर नगर हाम्रो पहिचान' भन्ने मुलअभियानअन्तर्गत 'चापाकोट महोत्सवको आधार, कृषि पर्यटन आर्थिक समृद्धिको पूर्वाधार' भन्ने नारासहित चापाकोट उद्योग वाणिज्य संघको आयोजनामा कृषि, पर्यटन, सांस्कृतिक तथा औद्योगिक व्यापार मेलाका रूपमा महोत्सव गरिने भएको छ। स्थानीय उत्पादनको प्रवर्द्धन, पर्यटन र आर्थिक गतिविधिलाई चलायमान बनाउने उद्देश्यले महोत्सव आयोजना गरिएको छ।

महोत्सवमा कृषि उत्पादन तथा पशुपंक्षी प्रदर्शनी, औद्योगिक तथा व्यापारिक स्टल, हस्तकला प्रदर्शनी, पर्यटन फोटो प्रदर्शनी, अटोमोबाइल प्रदर्शनीलगायत विविध कार्यक्रम गरिने संघका अध्यक्ष निर्मल राना मगरले बताए। महोत्सवमा स्थानीय जातजातिको कला संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम, भजन-कीर्तन, रत्यौली, माविस्तरीय हाजिरीजवाफ, जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता तथा 'तेस्रो चापाकोट डान्स आइडल' कार्यक्रम समावेश गरिएको छ।

कृषि विज्ञ र अगुवा किसानबिच कृषिमा सम्भावना विषयक अन्तरक्रिया, लन्डन ब्रिज र इफिल टावरको संरचना, हेलिकप्टरबाट रमणीय स्थलहरूको दृश्यावलोकन, कालीगण्डकी नदीमा जलयात्रा (र्‍याफ्टिङ्) र उपयुक्त स्थलबाट प्याराग्लाइडिङ्बाटै महोत्सव अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ।

करिब २५० व्यापारिक स्टल रहने महोत्सवमा एक लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। महोत्सवमा एक करोड रुपैयाँसम्मको आर्थिक कारोबार गर्ने लक्ष्य राखिएको छ। महोत्सवबाट बचत हुने रकममध्ये करिब ५० प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरिने भएको संघले जनाएको छ।

# नेपाली जुत्ताघरमा माघ २० सम्म जुत्ता मेला, ५० प्रतिशतसम्म छुट

बुटवल। जुत्ता-चप्पलका विविध डिजाइन तथा ब्रान्डहरू एकै स्थानमा अवलोकन र खरिद गर्न पाइने जुत्ता-चप्पल भेराइटी मेला बुटवलमा सुरु भएको छ।

नेपाली जुत्ता घर बुटवलको आयोजनामा मेला पौष २० गतेदेखि माघ २० गतेसम्म सञ्चालन हुने जनाइएको छ।

मेलामा नेपालका ख्यातिप्राप्त फुटवेयर ब्रान्डहरूको बृहत् प्रदर्शनी राखिएको जुत्ता घरका सञ्चालक अभिषेक पाण्डेले जानकारी दिए। एकै ठाउँमा ५ हजारभन्दा बढी जुत्ता-चप्पलका डिजाइनहरू अवलोकन गर्न सकिने मेलामा उद्योगदेखि ग्राहकसम्मको प्रत्यक्ष पहुँच हुने अपेक्षा गरिएको उनले जनाए।

मेलाअन्तर्गत विशेष छुटका योजना पनि सार्वजनिक गरिएको छ। जसअनुसार रु. ५०० मा १ जोडी जुत्ता, रु. ५०० मा २ जोडी चप्पल, रु. ५०० मै ३ जोडी चप्पल तथा रु. ७५० मा २ जोडी जुत्ता खरिद गर्न सकिने व्यवस्था छ। साथै मेलामा निःशुल्क प्रवेशको सुविधा रहेको दामोदर न्यौपानेले बताए।

मेलामा जुनसुकै नेपाली ब्रान्डका जुत्ता वा चप्पल खरिदमा २० देखि ५० प्रतिशतसम्म छुट उपलब्ध गराइने आयोजकले जनाएको छ। मेलामा चर्चित ब्रान्डहरू सहभागी रहेको अर्जुन खनालले जनाए।

मेला नेपाली जुत्ता घर बुटवल, नयाँमण्डी बुटवल-११, कालिकानगर, महाराजा छेउ गेटमा सञ्चालन भइरहेको छ। आयोजकका अनुसार मेलाले स्वदेशी जुत्ता उद्योगको प्रवर्द्धनसँगै उपभोक्तालाई गुणस्तरीय उत्पादन सुलभ मूल्यमा उपलब्ध गराउने विश्वास लिइएको छ।

०८२ बैशाख २३ गते देखि सञ्चालन भएको जुत्ता घरमा १८ जनालाई रोजगारी दिइएको छ। यसमा करिब २ करोड लगानी छ।

### हाटबजारको...

उपभोक्ताहित संरक्षण मञ्च लुम्बिनीका अध्यक्ष तेजकुमार पाठकले हजारौं उपभोक्ता आउने हाटबजारहरूमा आवश्यक न्यूनतम पूर्वाधार अभाव, उपभोक्ताको संख्याको तुलनामा अति न्यून र जीर्ण शौचालयहरू हुँदा पनि स्थानीय सरकारले लज्जाबोध नगरेको औंल्याए। बजारको नियमित अनुगमन गरी उपभोक्ताले स्वच्छ वस्तु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने काममा स्थानीय सरकारले बेवास्ता गरेको पाठकले औंल्याए। हाटबजारमा मूल्यसूची, तौल जाँच, खाद्य सुरक्षा निरीक्षण, कोल्डस्टोर, गोदाम, डिजिटल भुक्तानीको प्रवर्धन, सुरक्षाकर्मी र सीसीटीभी, नियमित सरसफाइ, स्वच्छ वातावरण बनाइदिने दायित्व स्थानीय सरकारको हुने पाठकले सुझाए।

'उपभोक्ताको हितलाई तीनै तहका सरकारले प्राथमिकतामा राख्नुपर्ने हो, तर हाटबजारहरूलाई उपभोक्तामैत्री बनाउन गर्नुपर्ने लगानी, नियमित अनुगमन नगरेको विडम्बनापूर्ण अवस्था छ,' पाठकले भने-'हाटबजारलाई व्यवसायीको मागअनुसार परिमार्जन गर्न आवश्यक छ, तर मौलिकता र ऐतिहासिकता मेटाउन सकिँदैन, यो आम नेपालीको सहज जीवनशैली बनिसकेको छ।'

बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले बुटवलमा पार्किङ्को समस्या भएकाले हाटबजार रहेको स्थानमा बहुतले भवन बनाई अण्डरग्रउण्ड पार्किङ्सहित बहुतले भवन बनाएर व्यवसायीलाई उचित व्यवस्थापन गर्ने उद्देश्य रहेको बताए। तर हाल यो योजना अघि बढिनसकेको रानाले बताए।

### प्रचण्ड...

एकमात्र निर्वाचन क्षेत्र रहेको रूकुम पूर्वले प्रत्यक्षतर्फ नौ जना आकांक्षीको नाम सिफारिस गरेको छ। प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ तेजबहादुर ओली, गणेशमान पुन, दलजित शेर्पाली, जितमान पुन, सुवोधराज शेर्पाली, लालबहादुर विष्ट, कैलाश मल्ल, चन्द्र रसाइली र सिर्जना कार्कीको नाम केन्द्रीय कार्यालयमा सिफारिस गरेको थियो।

समानुपातिकतर्फ सुनिता बुढा (महिला), दिपेन्द्र छन्त्याल (अल्पसंख्यक), टिकाराम उपाध्याय (अन्य), हर्कबहादुर कामी (दलित) र उपेन्द्रलाल कामी (दलित)बाट सिफारिस भएका छन्।

तत्कालीन माओवादीले २०५२ सालमा 'जनयुद्ध' सुरु गरेको रूकुम पूर्वलाई आधार इलाका भनेर पनि ठान्ने गर्दछ। अहिलेसम्म पनि माओवादीको पकड बलियो मानिने भएकाले रूकुम पूर्व प्रचण्डलाई सुरक्षित हुने ठानिएको छ।

छलफलमा सहभागी अर्का एक नेताले पनि रूकुम पूर्वबाट चुनाव लड्न प्रचण्ड 'नब्बे प्रतिशत सकारात्मक' भएको बताए।

प्रचण्डले अझै समय बाँकी रहेकाले छलफललाई निरन्तरता दिने बताएका छन्। यस विषयमा प्रचण्ड दिल्लीबाट फर्किएपछि छलफल गर्ने तयारी छ। पार्टीको एकता सन्देश सभालाई सम्बोधन गर्न भन्दै आइतबार दिल्ली गएका प्रचण्ड सोमबार साँझ फर्किने पूर्वनिर्धारित कार्यक्रम छ। नेता गणेशमान पुन भने प्रचण्ड प्रतिस्पर्धा गर्ने निर्वाचन क्षेत्रबारे छलफल जारी रहेको बताउँछन्। रूकुम पूर्वको विषयमा पनि छलफल भएको तर टुंगो नलागेको उनी बताउँछन्।

### लुम्बिनी...

२०२४ मा ११ लाख ७२ हजार २८२ पर्यटक आएकोमा २०२५ मा ११ लाख १४ हजार २६६ पर्यटकले लुम्बिनी घुमेका छन्। लुम्बिनी विकास कोषको तथ्यांकअनुसार सन् २०२४ मा भन्दा २०२५ मा लुम्बिनी भ्रमण गर्ने पर्यटक संख्या ५८ हजार १६ जनाले कमी छ।

कोषका अनुसार यो तथ्यांक नेपाली, भारतीय र तेस्रो मुलुककासहितको हो। कोषका अनुसार लुम्बिनी घुम्न आउने नेपाली र भारतीय पर्यटक घट्दा तेस्रो मुलुकका भने बढेका छन्।

कोषका सूचना अधिकारी हरिध्वज राईका अनुसार सन् २०२४ मा भने नेपाली ७ लाख ५९ हजार ९९०, भारतीय ३ लाख ८८९ र तेस्रो मुलुकका १ लाख ११हजार ४०३ पर्यटक लुम्बिनी आएका थिए।

राईले नेपाली र भारतीय पर्यटक आगमन घटिरहँदा करिब ३० हजार तेस्रो मुलुकका पर्यटक थपिएको जनाए। 'यस वृद्धिले स्वदेशी तथा भारतीय पर्यटक घट्दाको असरलाई केही हदसम्म सन्तुलनमा ल्याएको छ, र लुम्बिनीप्रति अन्तर्राष्ट्रिय तीर्थयात्री तथा सांस्कृतिक पर्यटकहरूको आकर्षण बढ्दै गएको पुष्टि गर्छ।'-उनले भने।

कोषका अनुसार श्रीलंकाबाट सबैभन्दा बढी ३२ हजार २८७ पर्यटक लुम्बिनी आएका छन्। यस्तै, थाइल्याण्डबाट १९ हजार ८९१, म्यान्मारबाट १८ हजार ५२८ र चीनका १० हजार ७८९ पर्यटकले लुम्बिनी घुमेका छन्। यसैगरी भियतनामका ८ हजार ६१५, दक्षिण कोरियाका ३ हजार ८९५ र जर्मनीका २ हजार ३७८ पर्यटक आएका छन्।

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२२

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १२ देउरालीमा घाटगद्दी गरी राखिएको साल जातको काठ ४१४.४९ क्यू. फि., अन्य जातको ८२.१९ क्यू. फि. तथा साल दाउरा ०.५० चट्टा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री चौतारा सामुदायिक बन उपभोक्ता समुह**
शितगंगा न.पा. १२ अर्घाखाँची

**Government of Nepal**
**Ministry of Home Affairs**
**District Administration Office**
**Kapilvastu, Taulihawa**

**Certification**

**Date: January 4,2026 A.D.**
**Letter No: 082/83 (Administration)** **Ne. Sam 1146**
**To Whom It May Concern**

With reference to the above subject, according to the application submitted to this office by Humi Thapa, wife of Kul Bahadur Thapa, Indian Ex-Army No. (69966571 Ex CT (GD)) (Late Kul Bahadur), resident of Banganga Municipality Ward No. 1 under this district, holding Nepali Citizenship Certificate No. (6-3315), although the name/surname and date of birth mentioned in her Nepali Citizenship Certificate and in her husband's Indian Pension Payment Order records are different, based on the recommendation letter issued by Banganga Municipality Ward No. 1 Office, Ref. No. 1090 dated January 02, 2026 A.D., and on the self- declaration made by Humi Thapa in person before this office, it is hereby certified for the purpose of Indian pension that the person having the name/surname and date of birth as mentioned below is not a different person but one and the same individual. Accordingly, it is requested to proceed as per your rules and regulations.

**Details**



| Name/Surname and Citizenship Number as per Citizenship Certificate | Citizenship No. | Name/Surname and Date of Birth as per Indian Pension Documents |
|---|---|---|
| Name/Surname: Humi Thapa<br>Date of Birth: 2013/08/21 (6th December 1956 A.D.) | Citizenship No.: 6-3315<br>Date of Issue: 27th April, 1998 A.D.<br>Issued at: Gulmi | Name/Surname: HUMI DEVI<br>Date of Birth: July 01, 1945 A.D. |

**Chief District Officer**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘पालिकाको सबै वडाहरूमा पूर्वाधार विकासको कामलाई प्राथमिकता दिएका छौँ’

२०७९ बैशाख ३० गते भएको स्थानीयतह निर्वाचनमा निर्वाचित भएका पालिकाका अध्यक्षहरुको अब १६ महिना कार्यकाल बाँकी रहेको छ। पालिका अध्यक्षहरुले चार वर्षको कार्यकालमा धेरै राम्रा काम गरेको दाबी गरेका छन्। रैनादेवी छहरा गाउँपालिका पाल्पाका अध्यक्ष **रुक्माङ्गत भट्टराई**सँग गाउँपालिकाको विकास निर्माणका विषयमा केन्द्रित रहेर लुम्बिनीकर्मी **कृष्ण पोखरेल**ले गरेको कुराकानीः

» ***२०७९ बैशाख निर्वाचित भएपछि ४ वटा बजेट ल्याउनु भयो। तपाईं घोषणापत्रमा उल्लेख गरेअनुसारका पालिकाको विकास निर्माणमा के–के काम भएका छन् ?***

शिक्षा, कृषि र पूर्वाधारका दिगो विकासको मूल नारा लिएर समुदाय सशक्तीकरण, इमान्दारिता र दूरदृष्टिसहित जनतामा समर्पित भएर रैनादेवी छहरा गाउँपालिकाको विकासमा निरन्तर खटिएको छु। निर्वाचनको समयमा घोषणापत्रमा प्रतिबद्धता गरेका करीव ७० प्रतिशत कामहरु पूरा भएका छन्। मैले घोषणपत्रमा एक घर, एक धाराको अवधारणा ल्याएको थिए। सोहीअनुसार हालसम्म करीव ७० प्रतिशत घरपरिवारमा एक घर एक धारा पुगेको छ। विद्यालय शिक्षालाई प्रभाकारी बनाउनको लागि एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेका छौं। पूर्वाधारतर्फ रुपन्देहीको सालझण्डीदेखि वडा नं. ४ को सुन्दर ढुङ्गाको बाटो ( पहाड-तराई ) जोड्ने मुख्य सडक हाम्रो टिम निर्वाचित हुँदासम्म अलपत्र अवस्था थियो। हाल स्तरउन्नति गरी कालोपत्रेको काम सुरु भएको छ। वडा नं. ४ छहराको वडा कार्यालयदेखि धजाबान्ने, ताङ्सिगल सर्देवा जोड्ने सडकको स्तरउन्नति गरी वडा कार्यालयदेखि धजावान्नेसम्मको सडक पिच भइसकेको छ। अमलाबासदेखि वडा नं. ३ को वडा कार्यालय भुवनपोखरी हुँदै तालपोखरा अर्घाखाँची जोड्ने सडक स्तरउन्नतिको काम भएको छ। जसमा अमलावासदेखि धजावान्नेसम्मको सडक कालोपत्रेको लागि हाल काम भइरहेको छ।

धार्मिक तथा पर्यटनतर्फ पालिकाको नामाकरण भएको रैनादेवी छहराको देव स्थलमा परम्परागत बास्तुकला शैलीमा मन्दिर निर्माणदेखि, तारबार घेराबारको काम भएको छ। वडाका सबै जसो देवस्थलहरुमा पर्यटकीय पूर्वाधारका विषयमा कामहरु भएका छन्। वडा नं. १ अमरापुरी वडा नं. २ देलुङ्गा, वडा नं. ४ तिलकस्थान, वडा नं. ५ कालिका, वडा नं. ७ बल्ढेङ्ग गढी दरबार क्षेत्रमा आवश्यकताअनुसारका पूर्वाधार निर्माण तथा जीर्णोद्धारका कामहरु भएका छन्।

» ***पालिकाको भौतिक संरचना तथा यातायात पूर्वाधारको अवस्था कस्तो छ ?***

छहरालाई केन्द्रविन्दु मानेर पालिकाको सबै वडाहरुमा पूर्वाधार विकासको कामलाई प्राथमिकता दिएका छौं। पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म पुग्ने बाटो ग्रावेल गरी स्तरउन्नतिको काम भएका छन्। कतै कालोपत्रेको काम भइरहेको छ। पालिकाको केन्द्रबाट आधा घण्टामा वडा कार्यालय पुग्ने गरी सडक स्तरउन्नतिको काम भएका छन।

» ***भौतिक पूर्वाधारको रुपमा पालिका र वडा कार्यालयको अवस्था के छ ?***

पालिकाको नयाँ भवन निर्माण भई कार्यालयका सबै कामहरु सञ्चालन भएको छ। सबै वडा कार्यालयहरुमा भौतिक पूर्वाधारको अवस्था राम्रो छ। सबै वडा कार्यालयको भवन पक्की रहेका छन्। कार्यालयको लागि चाहिने पूर्वाधार पर्याप्त रहेको छ।

» ***३ वर्षको अवधीमा खानेपानीको क्षेत्रमा के–के काम भएका छन् ?***

रैनादेवी छहरा गाउँपालिकाको करीव ७० प्रतिशत जनतामा एक घर एक धाराको सुविधा पुगेको छ। एक घर एक धारा नपुगेका वडाका बस्तीहरुमा लिफ्ट खानेपानी योजनाहरु सञ्चालनमा रहेका छन्। मेरो कार्यकालभित्र कम्तीमा ९० प्रतिशत जनतामा एक घर एक खानेपानीको धारा सुविधा पुऱ्याउने छौं।

» ***पालिकाले जनतालाई सहज हुने गरी स्वास्थ्य सेवा कसरी प्रदान गर्दै आएको छ ?***

प्रत्येक वडा वडाका स्वास्थ्य चौकीहरुमा पर्याप्त कर्मचारीको व्यबस्था मिलाएका छौं। सरकारले तोकेका सबै औषधीको व्यवस्था पालिकाले गर्दै आएको छ। सबै वडाका स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरको रुपमा गर्भवती महिलाहरुलाई सेवा प्रदान गरिएको छ। वडा नं. १ को अर्चलेमा, वडा नं. ३ को फोक्केआपमा, वडा नं. ६ को ग्वारथाना, चहला, वडा नं. ७ को बल्ढेङ्गगढीमा नयाँ स्वास्थ्य ईकाइ संचालन भएको छ। पालिकाभित्रका अधिकांश गर्भवती महिलाहरु पालिकाभित्रकै स्वास्थ्य चौकीमा सुत्केरी गराउन सक्ने पूर्वाधारहरुको व्यवस्था मिलाएका छौं। पालिकाको पश्चिम दक्षिण क्षेत्र, जुठा, बल्ढेङ्ग र सत्यवतीलाई केन्द्रित गरेर एउटा एम्बुलेन्स, सोमादी, भुवनपोखरी र सिद्देश्वरलाई केन्द्रित गरेर अर्को एम्बुलेन्स र छहरा केन्द्रमा एउटा गरी ३ वटा एम्बुलेन्स सेवा नियमित सञ्चालन गरी बिरामीहरुलाई छिटो छरितो सेवा प्रदान गरेका छौं। अति विपन्न, असाह तथा अपाङ्गहरुलाई निःशुल्क एम्बुलेन्स सेवा दिएका छौं।



## रुक्माङ्गत भट्टराई
### अध्यक्ष
### रैनादेवी छहरा गाउँपालिका, पाल्पा

» ***अहिले हरेक रोगको अवस्था पत्ता लगाउन ल्याव सेवा अनिवार्य बन्दै गएको छ। पालिकाले ल्याव सेवा कहाँ कहाँ सञ्चालनमा रहेका छन् ?***

पालिकाले ल्याव सेवाको लागि जनतालाई तानसेन जान नपरोस् भनी वडा नं. ४ को छहरा स्वास्थ्यचौकी, वडा नं. ३ को भुवनपोखरी स्वास्थ्य चौकी र वडा नं. ८ को सत्यवती स्वास्थ्य चौकीबाट ल्याव सेवा सञ्चालन गर्दै आएको छ। पालिकाको केन्द्रमा रहेको छहरा स्वास्थ्य चौकीलाई २४ घण्टा ईमरजेन्सीसहित सेवा सञ्चालन गर्न आवश्यक उपकरणहरु खरिद प्रक्रियामा रहेको छ । छहरा स्वास्थ्य चौकीबाट नियमित रुपमा पालिकाले आफ्नै लगानीमा चिकित्सक राखेर सेवा प्रदान गर्दै आएको छ ।

» ***१५ बेडको पालिकास्तरीय अस्पताल निर्माणमा ढिलासुस्ती भयो भन्ने आम जनगुनासो छनि ?***

सुरुको चरणमा अस्पताललाई चाहिने जग्गाको उपलब्ध नहुँदा काम सुरु गर्न ढिलाइ भयो। अस्पताललाई जग्गा प्राप्तपछि वडा नं. ४ अमलावास रेडियो मुक्तिनाथ क्षेत्रमा पालिकास्तरीय १५ बेडको अस्पताल निर्माणको काम सुरु भएको छ। संघको बजेटबाट निर्माण सुरु भएको पालिकास्तरीय १५ बेडको अस्पतालको लागि केन्द्र सरकारबाट बजेट सुनिश्चितता नहुँदा काममा ढिलाइ भएको छ। पर्याप्त बजेट नआउने, संघको काममा पालिकाले लगानी गर्न नमिल्ने भएकोले नै तोकिएको समयमा अस्पताल भवन निर्माण कार्य पूरा हुन सकेको छैन।

» ***कृषि, पशुपालन क्षेत्रमा जनताका मन छुने गरी के–कस्ता काम भएका छन् ?***

पालिका मासुमा आत्मनिर्भर बनेको छ। पशुपालन व्यवसायलाई अगााडि बढाउन, कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित रहेर मासुमा प्रतिकिलो ५ रुपैयाँ, दूधमा प्रतिलिटर २ रुपैयाँ अनुदानको व्यवस्था गरेका छौं।

तीनभन्दा बढी पशुपालन गर्ने कृषकहरुको लागि अन्य पशु थप गरी पालन गर्दा प्रतिपशुमा ५० प्रतिशत अनुदान दिने व्यबस्था गरेका छौ। यदी ३ वटा भन्दा बढी पशुपालन गरेको भए पनि अन्य पशुको बजारमुल्य तोकी अनुदान दिने व्यबस्था गरेका छौं। यो अभियानबाट पशुपालनमा वृद्धि हुने, उत्पादन बढ्ने, जैविक मल उत्पादन हुने, बेरोजगारीको संख्या घट्ने, गाउँघरमा आयआर्जन वृद्धि हुने, समग्रमा पालिकाको आयस्तरमा वृद्धि हुने अपेक्षा लिएका छौं।

तरकारीमा प्रतिकिलो २ रुपैयाँ ढुवानी अनुदान दिँदै आएका छौं। सुन्तलाको लागि कम्पोष्ट मल तथा निलो तुथोलगायतका सामग्रीहरु पालिकाले नियमित रुपमा सहयोग गर्दै आएको छ। सुन्तलाको पुरानो बगैंचा सुद्धढीकरण, नयाँ बगैंचा विस्तार, विद्यार्थीसंग कृषि, अकबरे खुर्सानी कृषकको लागि बिउ तथा मल्चिङको अनुदान, मौरी पालिरहेका व्यवसायिक कृषकको लागि ५० प्रतिशत अनुदानमा घार वितरण जस्ता कृषकहरुलाई प्रोत्साहन तथा अझ व्यवसायिक उत्पादनमा जोड दिने गरी सहयोगका नमूना कामहरु भएका छन्।

रैथाने बालीमा कोदो प्रवर्धनमा पालिकाले अनुदानको व्यवस्था गरेको छ। एक रोपनी क्षेत्रफलमा कोदो रोप्ने किसानलाई ९ सय रुपैयाँका दरले अनुदानको व्यवस्था गरेको छौं। पालिकाले जुठा सत्यवतीमा तेजपातको पकेट क्षेत्र बनाएर नै गतवर्ष १० हजार तेजपातका बिरुवा निःशुल्क रुपमा बाँडेको छ। आलुको बिउमा ५० प्रतिशत साथै सबैखाले बिउ बिजनमा कतै निःशुल्क, कतै ५० प्रतिशत अनुदानको व्यवस्था पालिकाले गरेको छ।

» ***बसाईसराइ रोक्न गाउँपालिकाले के–कस्तो नीति कार्यक्रमहरु ल्याएको छ ?***

बसाईसराइ रोक्न, बाँझो जग्गामा खेती गर्न, वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्न नै पालिकाले ठुलो मात्रामा उत्पादनमा आधारित अनुदान कार्यक्रम लागु गरेको छ। गाउँ-गाउँमा उद्यमी बढाउने, आयआर्जनका कार्यक्रम लैजाने, युवाहरुलाई लक्षित गरेर गाउँमै ट्र्याक्टर मर्मत, उपकरण मर्मत कुटानी पिसानी मर्मत जस्ता तालिम सञ्चालन गरेका छौं। गाउँमै साबुन बनाउने, सिलाइ कटाइ, विद्युत् वाईरिङ्ग, पलम्बिङ्ग जस्ता तालिमहरु सञ्चालन गरेका छौं। यस्ता अभियानबाट केही न केही रुपमा बसाईसराइ न्यूनीकरण भएको छ।

» ***कृषि यान्त्रिकरणमा पालिकाले के–कस्तो सहयोग गरेको छ ?***

कृषि यान्त्रिकरण मिनि टिलरमा ५० प्रतिशत, चापकटरमा ५० प्रतिशत, मकै रोप्ने मेसिनमा ५० प्रतिशत, चालु आर्थिक वर्षमा १ करोड रुपैयाँको कृषि औजार वितरण गर्न टेण्डर गरेका छौं।

» ***गाउँपालिकामा शिक्षाको अवस्था कस्तो छ ?***

बाटो, भवनमा जस्तो शिक्षामा तत्काल उपलब्धि देखिंदैन। शिक्षामा परिवर्तन भएको महशुस गर्न कम्तीमा १० वर्ष लाग्दछ, हामी निर्वाचन भएर आउँदा सिकाइ उपलब्धि ३२ प्रतिशत मात्र थियो। अहिले शिक्षाको गुणस्तर सुधार गरी ४७ प्रतिशत सिकाइ उपलब्धि भएको छ। पछिल्लो समयमा पालिकाका सबैजसो विद्यालयको शिक्षामा सुधार आएको छ। कक्षा ५, कक्षा ८ र एसईई परीक्षाको नतिजामा पनि सुधार हुँदै गएको छ। विद्यालयहरुको अनुगमन कार्यलाई पालिकाले प्राथमिकता दिएको छ। पालिकाले प्राविधिक अध्ययन गर्ने गरिब, असाहय तथा निमुखा बालबालिकाको लागि निःशुल्क अध्ययनको व्यवस्था गरेको छ। जुन विद्यालयले नतिजा राम्रो ल्याउँछ सो विद्यालयका प्रधानाध्यापक, विषयगत शिक्षक र विद्यार्थीहरु तथा व्यवस्थापन समितिलाई पालिकाले प्रोत्साहन स्वरुप सम्मान तथा पुरस्कृत गर्दै आएको छ।

» ***पालिकाले सबै वडाका माध्यमिक विद्यालयमा एक विद्यालय, एक नर्स कार्यक्रम लागु गर्ने चर्चा थियो, अहिले बिचमै हरायो भन्ने जनगुनासो बढेको छ ?***

पालिकाभित्र एक मावि एक नर्स कार्यक्रम सञ्चालन भएको छ। पालिकाले वडा नं. ४ को भैरव नवदीप माध्यमिक विद्यालय छहरा र वडा नं. ८ को सत्यवती माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम लागु गरेको छ। विद्यालय नर्स कार्यक्रमले विद्यार्थीहरुले कक्षाकोठामै प्राथमिक उपचारको सेवा पाएका छन्। बालबालिकालाई मनोपरामर्श र कक्षाकोठामै उपचार सेवाले विद्यार्थीहरुको कक्षा छोड्ने दर घटेको छ। पालिकाले ३ सयभन्दा बढी बालबालिका भएको माध्यमिक विद्यालयमा नर्सको व्यवस्था गरेको छ। पालिकाले वडाको माध्यमिक विद्यालयलाई केन्द्र विन्दु बनाएर विद्यालय घुम्ती नर्स सेवा सञ्चालन गर्ने तयारीमा जुटेको छ।

» ***गाउँपालिकाले वन वातावरणको क्षेत्रमा के–कस्ता कामहरु गरेको छ ?***

पालिकाभित्रका सामुदायिक वनका उपभोक्ताहरुलाई नियमित तालिम प्रदान गर्ने, वन वातावरण जोगाउन प्रोत्साहन जगाउने, खाली तथा सार्वजनिक जग्गामा बोटबिरुवा लगाउने, पालिकामा समृद्ध वन परियोजना सञ्चालनमा रहेको छ। पछिल्लो समय वन्यजन्तुका कारण किसान खेतीपाती हुने नोक्सानी नियन्त्रण गर्न पालिकाले बँदेल तथा बाँदर रोक्न कृषकको मागअनुसार तार जाली वितरण गर्ने, मुख्य सिजनमा वन्यजन्तु हेरालुको वडा-वडामा व्यवस्था गरेका छौं।

» ***पालिकाले खेलकुद विकासको लागि के–कस्ता काम गरेको छ ?***

पालिकाले कटौजेपानीमा पालिकास्तरीय खेल मैदान निर्माण गरेको छ। फुटबल, भलिबल, क्रिकेट जस्ता प्रतियोगिता पालिकास्तरमा नियमित गर्दै आएका छौं। प्रत्येक वडा-वडामा खेलकुद मैदान निर्माण तथा वडास्तरीय खेल प्रतियोगिता नियमित गरेका छौं। पालिकाले प्रत्येक वर्ष अध्यक्षकप, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र अन्तरपालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएको छ।

» ***पर्यटन पूर्वाधार विकासमा पालिकाले के–कस्ता कामहरु गरेको छ ?***

पालिकाभित्रका सबै वडाभित्रका मठ मन्दिरको संरक्षण, जीर्णोद्धार, खानेपानी, शौचालय, विद्युतीकरण, तारवार, घेरावारलगायतका कामहरु पालिकाले गर्दै आएको छ। स्थानीयस्तरमा सञ्चालन हुने कला संस्कृति भेषभुसा संरक्षण तथा प्रवर्धन गर्न पालिकाले सबै वडामा बजेट व्यवस्थापन गर्दै आएको छ।

» ***रैनादेवी छहरा गाउँपालिकामा प्रमुख पर्यटकीय स्थलहरु कहाँ–कहाँ छन् ?***

रैनादेवी छहरा गाउँपालिका प्रशस्त धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलहरु रहेका छन्। वडा नं. १ अमरापुरी, वडा नं. २ देलुङ्गा, वडा नं. ३ रैनादेवी, वडा नं ४ को तिलकस्थान र झेरलुङ्ग गढी वडा नं. ५ को कालिकास्थान, वडा नं. ६ नेपाने क्षेत्र, वडा नं. ७ को बल्ढेङगढी, वडा नं. ८ को सत्यवती क्षेत्रलगायतका रहेका छन्। सबै स्थानमा यातायातको सुविधा पुगेको छ। ती स्थानमा खानेपानी, शौचालय, पार्क बगैंचा, विद्युतिकरणको काम भइरहेको छ। पालिकाभित्रका पर्यटकीय स्थलहरुको बोर्ड बनाएर विभिन्न स्थानमा राखेर प्रचारप्रसार पनि गर्दै आएका छौं।

» ***पालिकाको सुशासनको अवस्था कस्तो छ ?***

पालिकाले गाउँ-गाउँमा सेवा प्रवाह गर्न पालिकामा केन्द्रित रहेको जनशक्तिलाई वडा-वडामा परिचालन गरेको छ। वडावासीहरुलाई योजनाको सम्झौता गर्न स-सानो कामलाई पनि पालिकामा धाउन नपरोस् भनी एक वडा एक प्राविधिक, एक कृषि तथा पशु प्राविधिक कर्मचारी वडा-वडामा खटाई जनताको घरदैलोमा सेवा दिएका छौं। पालिकामा आउने सेवाग्रहीको रेकर्ड राख्ने, सेवाग्राहीलाई सोधपुछ गर्ने र सम्बन्धित फाँटसम्म पुऱ्याउने काम गर्दै आएका छौं। सेवाग्राहीका काम भए नभएको सोधपुछ गर्ने र पालिका प्रमुख र कार्यालय प्रमुख समक्ष गुनासो गर्ने व्यवस्था मिलाएका छौं। वडा-वडाबाट सञ्चालन भएका सेवाहरुका बारेमा पालिकाले छड्के अनुगमन गरी निरीक्षण गर्दै आएको छ।

» ***पालिकाको आन्तरिक श्रोतको अवस्था कस्तो छ ?***

हामी निर्वाचित भएर आउँदा पालिकाको आन्तरिक श्रोत वार्षिक रुपमा ५० लाख रुयैयाँ हाराहारीमा थियो। हामी आइसकेपछि कर वृद्धिभन्दा पनि करको दायारा वृद्धि गरेका छौं। राजस्वका नयाँ-नयाँ श्रोतहरु पहिचान गरेर लागु गरेका छौं। गत वर्ष मात्र रैनादेवी छहरा गाउँपालिकाले १ करोड ३६ लाख रुपैयाँ आन्तरिक राजस्व उठाएको छ।

» ***गाउँपालिकाले राम्रोसँग बजार अनुगमन नगर्दा उपभोग मिति सकिएका अधिकांश सरसमान बिक्री गरेको भेटिन्छ नी ?***

पालिकाले क्यालेण्डर बनाएर बजार अनुगमन गर्दै आएका छौं। हामीले वर्षको दुई पटक पालिकाभित्रका बजार अनुगमन गरेका छौं। उपभोग मिति सकिएका सरसमान बिक्री गर्ने, बजार भाउँभन्दा महङ्गोमा बिक्री गर्ने, गुणस्तरहिन माल समान बिक्री गर्ने पक्षलाई कानुनी कारबाही गरेका छौं। जनताको गुनासो आएमा तत्काल छड्के अनुगमनको व्यवस्था गरेका छौं। पालिकाले जनतामा जनचेतनाका कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ।

» ***तपाईंले निर्वाचनको समयमा घोषणापत्रमा उल्लेख गरेका कुन–कुन काम गर्न सक्नुभएको छैन ?***

निर्वाचनको समयमा घोषणपत्रमा उल्लेख गरेका अधिकांश कामहरु पूरा भएका छन्। मेरो कार्यकालको अन्तिम समयमा घोषणापत्रमा रहेका, तर हुन नसकेका कामहरुको बारेमा जनतालाई हिसाब किताब बुझाएर बिदा हुनेछु।

» ***नीति तथा कार्यक्रममा आएका सबै कुरा बजेटमा समावेश भएको हुँदैन किन होला ?***

हामीले नीति तथा कार्यक्रमको आधारमा नै बजेट विनियोजन गरेका छौं। कुन-कुन योजना तथा शीर्षकमा के-कती काम भएको छ, प्रगतीको अवस्था के छ भनेर पालिकामा नियमित रुपमा समीक्षा गर्दछौं। योजना कार्यान्वयन भएन भने किन भएन भनेर छलफल गरेका छौं। शाखा प्रमुखले कार्यालय प्रमुखलाई मासिक रिपोट पेश गर्ने र कार्यालय प्रमुखले कार्यपालिकाको बैठकमा पेस गरी विस्तृत रुपमा छलफल हुने गर्दछ।

» ***अन्त्यमा यहाँको केही भनाइ छ की ?***

सबैको सहयोग, सहकार्यबाट नै रैनादेवी छहरा गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा चिनाउन सफल भएका छौं। मेरा योजना तथा कार्यक्रमहरु सफल बनाउन मलाई सहयोग गर्नुहुने उपाध्यक्षसहित सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतदेखि सम्पूर्ण कर्मचारी, सकारात्मक तथा आलोचनात्मक सुझाव सहयोग गर्ने आम जनताप्रति धन्यावाद दिन चाहान्छु।

# एमालेबाट गुल्मी २ मा गोकर्ण र नवलपरासी पश्चिम २ मा बैजनाथसहित ४ जना सिफारिस





बुटवल। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेकपा एमालेबाट नवलपरासी पश्चिम क्षेत्र नम्बर २ बाट पूर्व प्रदेशमन्त्री बैजनाथ चौधरीसहित ४ जना सिफारिस भएका छन्।

आइतबार बसेको क्षेत्रीय कमिटी बैठकले चौधरीसहित भगवतीप्रसाद यादब (रूदल), सरिता पौडेल र श्याम बस्याल सिफारिस भएको नेकपा एमाले नवलपरासी पश्चिम जिल्ला अध्यक्ष दिपेन्द्रकुमार अधिकारीले जानकारी दिए।

चौधरी ०६४ मा संविधानसभा सदस्य निर्वाचित भएका थिए भने ०७४ सालमा लुम्बिनी प्रदेशमा प्रदेशसभा सदस्य निर्वाचित भई दोस्रो बरियताका मन्त्री भएका थिए। चौधरी एमालेको ११औं महाधिवेशनमा ईश्वर पोखरेल समूहबाट उप-महासचिवको उम्मेदवार थिए।

तर उनी पराजित भएका थिए। यादव जिल्ला समन्वय समिति प्रमुख हुन्। बस्याल मदन भण्डारी फाउण्डेसन नवलपरासीका अध्यक्ष हुन्।

क्षेत्र नम्बर १ को भने सोमबार साँझसम्म उम्मेदवार सिफारिस हुने जिल्ला अध्यक्ष अधिकारीले जानकारी दिए। यस्तै एमालेले गुल्मी क्षेत्र नं. २ बाट पार्टी उपाध्यक्ष गोकर्ण विष्टको एकल नाम सिफारिस गरेको छ।

यो क्षेत्रमा उपाध्यक्ष विष्टसहित रामकुमारी झाँक्री, राजेन्द्र अर्यालसहित ६ जनाको नाममा छलफल भने भएको थियो। क्षेत्रीय संयोजक रितबहादुर थापाले विष्टको नाम एकल सिफारिस गरिएको बताए।

विष्ट एमालेको हालै सम्पन्न ११औं महाधिवेशनमा ईश्वर पोखरेल प्यानलबाट केन्द्रीय उपाध्यक्षमा विजयी भएका हुन्।

विष्टले यो क्षेत्रबाट ०५६ साल, ०७० सालको दोस्रो संविधानसभा, २०७४ र २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा लगातार जित्दै आएका छन्। ०६४ सालको पहिलो संविधानसभा चुनावमा उनी माओवादी उम्मेदवारसँग पराजित भएका थिए। गुल्मीको क्षेत्र नं. १ बाट हिजो मात्रै प्रदीप ज्ञवाली एकल सिफारिस भएका थिए।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com